# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८२।०४।१९ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष जनार्दन यादवले वडा नं. ३ स्थित बिभिन्न योजनाहरुको निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी सिफारिस गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग मोलमोलाई गरी घुस/रिसवत रु.३,००,०००।- माग गरी उक्त घुस रकम जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ९ स्थित श्री गणेश ट्रेडिङका संचालकका छोरा विपिन कुमार पाण्डेयलाई लिन लगाई निज विपिन कुमार पाण्डेयले लिइसकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज वडा अध्यक्ष जनार्दन यादव र संचालक विपिन कुमार पाण्डेयलाई रु.३,००,०००।– (तीन लाख रुपैयाँ) घुस/रिसवत रकमसहित नियन्त्रणमा लिएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिका वडा नं.०३ का **वडा अध्यक्ष जनार्दन यादव**ले मर्चवारी गाउँपालिका वडा नं. ३ अन्तर्गत सञ्चालित आ.ब. २०८१/०८२ मा "सिसु सेमरा दक्षिण धोबहिया छठ घाट निर्माण", "पुर्निकोट गाउँभित्र सडक पी.सी.सी. ढलान" र "सुरहवाँ गाउँभित्र सडक पी.सी.सी. ढलान" कार्य योजनाहरूको काम सम्पन्न भई सिफारिस दिने कार्यमा सेवाग्राहीसँग रू.३,००,०००।—घुस/रिसवत माग गरी गणेश ट्रेडिङका सञ्चालकका छोरा विपिन कुमार पाण्डेमार्फत रिसवत लिन लगाएको तथ्य पुष्टि हुन आएको हुँदा निज जनार्दन यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.३,००,०००।- (तीन लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र ऐ.ऐ. दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदाबी लिइएको छ।

साथै जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नम्बर ९ स्थित रहेको गणेश ट्रेडिङका सञ्चालकका छोरा **विपिन कुमार पाण्डेय**ले वडा अध्यक्ष जनार्दन यादवसँगको मिलेमतो र निजको निर्देशनमा सेवाग्राहीबाट घुस/रिसवत बापत रू.३,००,०००।— रकम बुझेको/लिएको देखिंदा प्रतिवादी विपिन कुमार पाण्डेयले मतियारको रूपमा संलग्न भई भ्रष्टाचारजन्य कसुरमा सहकार्य, सहजीकरण तथा सघाउने कार्य गरेको पुष्टि भएको हुँदा निज विपिन कुमार पाण्डेयले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेकोले बिगो रु.३,००,०००।- (तीन लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम हुने कैद सजाय र ऐ.ऐ. दफा ३ को उपदफा (१) बमोजिम हुने जरिवानालाई आधार मानी प्रतिवादी विपिन कुमार पाण्डेयलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल